**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २८ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ राष्ट्रपति भवनमा हुने पहिलो नागरिक पुरस्कार समारोहमा पद्म पुरस्कार प्रदान गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले मध्य प्रदेशको मंदसौरमा भएको सडक दुर्घटनामा परी मृत्यु भएकाहरूप्रति दुःख व्यक्त गर्नु भएको छ। उहाँले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट प्रत्येक मृतकको परिवारलाई २ लाख र घाइतेहरूलाई ५० हजार रुपियाँ दिइने बताउनु भयो।

३. पहलगाम आतंकवादी हमलापछि सेनाको तयारीबारे छलफल गर्न रक्षामन्त्री राजनाथ सिंहले हिजो रक्षा प्रमुख जनरल अनिल चौहानसित बैठक गर्नु भएको छ।

४. पहलगाम आतंकवादी हमलाको बारेमा छलफल गर्न जम्मू कश्मीरमा आज विधानसभाको एक दिने विशेष सत्र बोलाइएको छ।

५. वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले स्वस्थ्य नागरिकहरूद्वारा संचालित भएमा मात्र भारतले आगामी २५ वर्षमा ३० ट्रिलियन डलरको अर्थतन्त्र बन्ने लक्ष्य हासिल गर्न सक्छ भनी बताउनु भएको छ।

**राष्ट्रपति-पद्म पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ राष्ट्रपति भवनमा हुने पहिलो नागरिक पुरस्कार समारोहमा पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। देशको सर्वोच्च नागरिक सम्मानमध्ये पद्म पुरस्कारहरु - पद्म विभूषण, पद्म भूषण र पद्म श्री गरि तीन श्रेणीमा दिइन्छ । यो सम्मान कला, समाजसेवा, जनकल्याणकारी कार्य, विज्ञान र इन्जिनियरिङ, व्यापार र उद्योग, चिकित्सा, साहित्य र शिक्षा, खेलकुद र जनसेवा लगायत विभिन्न क्षेत्रहरूमा प्रदान गरिन्छ। यस वर्ष, गणतन्त्र दिवसको पूर्व सन्ध्यामा, सरकारले १३९ पद्म पुरस्कारहरूको घोषणा गर्‍यो। यसमा सात पद्मविभूषण, १९ पद्मभूषण र ११३ पद्मश्री पुरस्कारहरू समावेश छन्। प्रख्यात भायोलिनवादक र संगीतकार डा. एल. सुब्रह्मण्यम र ग्यास्ट्रोएन्टेरोलॉजिस्ट डी. नागेश्वर रेड्डी पद्मविभूषण पुरस्कार प्राप्त गर्नेहरूमध्ये प्रख्यात सम्पादक तथा प्रसार भारतीका पूर्व अध्यक्ष ए. सूर्यप्रकाश, अभिनेता अनन्तनाग, नन्दमुरी बालकृष्ण र एस अजित कुमार, भारतीय नृत्य टोलीका पूर्व कप्तान शोककुमार चन्दनम्र हो। पीआर श्रीजेश पद्मभूषण प्राप्त गर्नेहरूमा पर्छन्।

****** ० ******

**प्रधानमन्त्री-मन्दसौर दुर्घटना**

प्रधानमन्त्री नरेन्द्र मोदीले मध्य प्रदेशको मंदसौरमा भएको सडक दुर्घटनामा परी मृत्यु भएकाहरूप्रति दुःख व्यक्त गर्नु भएको छ। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा प्रधानमन्त्री मोदीले आफ्ना प्रियजन गुमाउनेहरूप्रति समवेदना व्यक्त गर्नु भएको छ। उहाँले घाइतेहरू चाँडै निको हुने आशा व्यक्त गर्नु भयो। प्रधानमन्त्रीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट प्रत्येक मृतकको परिवारलाई २ लाख रुपियाँ अनुग्रहण रकम दिइने बताउनु भयो। घाइतेहरूलाई ५० हजार रुपियाँ दिइने उहाँले बताउनु भयो।मध्य प्रदेशको मन्दसौरमा हिजो तीर्थयात्री बोकेको भ्यान सडकदेखि खस्दा एघारजनाको मृत्यु भएको छ भने चारजना घाइते भएका छन्।

****** ० ******

**सीडीएस-राजनाथ**

पहलगाम आतंकवादी हमलापछि सेनाको तयारीबारे छलफल गर्न रक्षामन्त्री राजनाथ सिंहले हिजो रक्षा प्रमुख जनरल अनिल चौहानसित बैठक गर्नु भएको छ। रक्षामन्त्रीको निवासमा लगभग चालीस मिनटसम्म चलेको बैठकमा रक्षामन्त्रीलाई सेनाको रणनीति र तयारीको बारेमा जानकारी गराइएको थियो। सीमा सुरक्षा बलका अधिकारीहरू पनि सेनाको तयारीसँग सम्बन्धित मुद्दाहरूमा हिजो दिल्लीमा बसेको बैठकमा उपस्थित थिए। सीमा सुरक्षा बलका महानिर्देशक दलजित सिंह चौधरीले हिजो गृह मन्त्रालयमा जानु भएको थियो। यसैबीच, भारतीय नौसेनाले पनि हिजो सफलतापूर्वक एन्टी-शिप मिसाइल अभ्यास गरेको छ र कुनै पनि परिस्थितिको सामना गर्न पूर्ण रूपमा तयार रहेको बताएको छ।

****** ० ******

**जम्मू कश्मीर विधानसभा-विशेष सत्र**

जम्मू कश्मीरमा उप राज्यपाल मनोज सिन्हाले आज विधानसभाको एक दिने विशेष सत्र बोलाउनु भएको छ। पहलगाम आतंकवादी हमलाको बारेमा छलफल गर्न मन्त्रिपरिषद्ले विशेष सत्र बोलाउन अनुरोध गरेको थियो। विधानसभाको यस सत्रमा आतंकवादी हमलामा मारिएकाहरूलाई श्रद्धाञ्जली अर्पण गरिनेछ। यसपछि यस घटना र सम्बन्धित मुद्दाहरूमा छलफल गरिनेछ र आतंकवादी हमलाको निन्दा गर्ने प्रस्ताव पारित गरिनेछ। यो आक्रमणले देशलाई मात्र नभई सम्पूर्ण विश्वलाई नै हल्लाएको छ।

**जम्मू कश्मीरका मुख्यमन्त्री-पहलगाम आक्रमण**

जम्मू कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्लाहले हिजो आतंकवाद र यसको जरा विरुद्ध निर्णायक लडाईको पक्षमा बोल्नु हुँदै पहलगाम आतंकवादी हमलापछि निर्दोष मानिसहरूको हत्याप्रति चिन्ता व्यक्त गर्ने मानिसहरूलाई अलग्याउने कुनै पनि अनुचित कार्यको विरुद्धमा चेतावनी दिनु भएको छ। आकाशवाणी जम्मूका संवाददाताले मुख्यमन्त्री उमर अब्दुल्लाहको टिप्पणी आतंकवादी पारिस्थितिक प्रणालीमाथि ठूलो कारबाहीको बीचमा आएको बताएका छन्। यस कारबाहीमा सक्रिय आतंककारीहरू र उनीहरूका भूमिगत कामदारहरूको नौ आवासीय घरहरू विस्फोट गराउने र २२ अप्रेलमा पहलगाम आतंकवादी हमलामा २६ जनाको मृत्यु भएपछि कश्मीर उपत्यकामा सयौं मानिसहरूसँग सोधपुछ गर्ने कार्य समावेश थियो। आक्रमणमा अधिकांश पर्यटकहरू मारिएका थिए। ट्विटरको एक पोस्टमा मुख्यमन्त्री श्री उमरले भन्नु भयो, "पहलगाम आतंकवादी हमलापछि, आतंकवाद र यसको मूल विरुद्ध निर्णायक लडाईं हुनुपर्छ। कश्मीरका जनता आतंकवाद र निर्दोष मानिसहरूको हत्याको विरुद्धमा खुलेआम बाहिर आएका छन्, उनीहरूले यो स्वतन्त्र र सहज रूपमा गरे।" उहाँले अघि भन्नु भयो, "यो समर्थनलाई अगाडि बढाउने र जनतालाई टाढा राख्न सक्ने कुनै पनि गलत कार्यबाट बच्ने समय आएको छ। दोषीलाई सजाय देऊ, दया नगर तर निर्दोषमाथि पनि त्यस्तै हुन नदेऊ।'

****** ० ******

**गोयल - विश्व स्वास्थ्य शिखर सम्मेलन**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो भन्नु भयो, स्वस्थ्य नागरिकहरूद्वारा संचालित भएमा मात्र भारतले आगामी २५ वर्षमा ३० ट्रिलियन डलरको अर्थतन्त्र बन्ने लक्ष्य हासिल गर्न सक्छ। नयाँ दिल्लीमा विश्व स्वास्थ्य शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुँदै श्री गोयलले सरकारले लागू गर्ने हरेक पहल र योजनाको अन्तिम लक्ष्य नागरिकहरूको स्वास्थ्य र समग्र विकासमा सुधार ल्याउनु रहेको बताउनु भयो। उहाँले किफायती आवास, पिउने पानीको पहुँच, खाना पकाउने ग्यास जडान, शौचालयको पहुँच र शिक्षामा सुधारले अनगिन्ती भारतीयहरूको जीवन स्तरमा सुधार आएको उल्लेख गर्नु भयो। श्री गोयलले सरकारको विचारधारा एकीकृत मानवतावाद वा मानव जातिको समग्र विकासमा केन्द्रित रहेको कुरामा प्रकाश पार्नु भयो।

****** ० ******

**दिल्ली - आयुष्मान वय वंदना**

आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना अन्तर्गत आजदेखि दिल्लीमा ७० वर्ष र माथिका वरिष्ठ नागरिकहरूलाई आयुष्मान वय वन्दना कार्ड जारी गरिनेछ। यी वरिष्ठ नागरिकहरूले १० लाख रुपियाँसम्मको निःशुल्क उपचारको सुविधा प्राप्त गर्न सक्नेछन्। कार्ड वितरणको लागि दिल्लीको त्यागराज स्टेडियममा आयोजना हुने कार्यक्रममा केन्द्रीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरी र मुख्यमन्त्री रेखा गुप्ता प्रमुख अतिथि हुनेछन्। यस योजना अन्तर्गत आयुष्मान भारत अन्तर्गत ५ लाख रुपियाँको उपचार प्रदान गरिनेछ र दिल्ली सरकारले ५ लाख रुपियाँको अतिरिक्त स्वास्थ्य बीमा प्रदान गर्नेछ। यस योजना अन्तर्गत देशका लगभग ३२ हजार सरकारी तथा निजी अस्पतालहरू उपचारका लागि सूचीबद्ध छन्।

****** ० ******

**वेभ्स - इन्डियन डिजिटल गेमिङ सोसाइटी**

आगामी विश्व अडियो भिजुअल मनोरञ्जन शिखर सम्मेलन (वेभ) को एक भागको रूपमा "इनोवेट2एजुकेट: हैंडहेल्ड डिवाइस डिज़ाइन" चुनौतीका लागि शीर्ष १० फाइनलिस्टहरूको घोषणा हिजो गरिएको छ। यो चुनौतीले प्रविधि, शिक्षा र गेमिङलाई संयोजन गरेर युवाहरूमाझ नवीनता प्रवर्द्धन गर्ने कुरामा केन्द्रित छ। यसले सिकाइ अनुभवहरूमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्ने ह्यान्डहेल्ड उपकरणहरूको लागि सफलतापूर्ण विचार र डिजाइनहरूलाई प्रेरित गर्ने लक्ष्य राख्छ।उद्योग क्षेत्रका नेताहरू, प्राविधिकहरू, शिक्षकहरू र डिजाइनरहरू सम्मिलित विशेषज्ञ निर्णायक मण्डलद्वारा कडा मूल्याङ्कनपछि १ हजार ८०० भन्दा बढी नवीन विचारहरूको दर्ताबाट शीर्ष १० फाइनलिस्टहरू छनोट गरिएको छ। छनोटमा परेका टोलीहरूले मुम्बईमा हुने वेभ्स २०२५ को समयमा एक विशेष प्रदर्शनीमा आफ्ना विचारहरू प्रस्तुत गर्नेछन्। सूचना तथा प्रसारण मन्त्रालयसँगको सहकार्यमा प्रतियोगिता आयोजना गर्ने इन्डियन डिजिटल गेमिङ सोसाइटीले फाइनलिस्टहरूको घोषणा गरेको हो।

****** ० ******

**पाकिस्तान - मारिए**

पाकिस्तानको सुरक्षा बलले पाकिस्तान-अफगानिस्तान सीमा हुँदै उत्तरपश्चिम पाकिस्तानको खैबर पख्तुनख्वामा घुसपैठ गर्ने प्रयास गरिरहेका प्रतिबन्धित तहरीक-ए-तालिबान पाकिस्तान (टीटीपी) का ५४ आतंककारीहरूलाई मारेको सेनाको मिडिया शाखाले हिजो जनाएको छ।इन्टर-सर्भिसेज पब्लिक रिलेशन्सको एक विज्ञप्ति अनुसार, सुरक्षा बलहरूले अप्रेल २५-२६ र अप्रेल २६-२७ को रातमा उत्तरी वजिरिस्तान जिल्लाको हसन खेलमा आतंककारीहरूको ठूलो समूहको गतिविधि अवलोकन गरे। विज्ञप्तिमा भनिएको छ कि सेनाले सबै ५४ आतंककारीहरूलाई प्रभावकारी रूपमा मारेको छ। मारिएका आतंककारीहरूबाट ठूलो मात्रामा हतियार, गोलाबारुद र विस्फोटक पदार्थ पनि जफत गरिएको छ।

****** ० ******

**तेलंगाना - सीएस नियुक्ति**

तेलंगाना राज्य सरकारले यस महिनाको अन्त्यमा अवकाश लिँदै गरेकी ए. सन्थी कुमारीको स्थानमा १९९१ ब्याचका वित्त विभागका विशेष मुख्य सचिव के. रामकृष्ण रावलाई तेलंगानाको मुख्य सचिव नियुक्त गरेको छ। वरिष्ठता सूची अनुसार, रामकृष्ण रावसहित छजना अधिकारीहरू मुख्य सचिव पदको दौडमा थिए। यद्यपि, सरकारले रामकृष्ण रावलाई उनको दक्षता र अनुभवलाई ध्यानमा राख्दै राज्यको मुख्य सचिवको रूपमा चयन गरेको छ। रामकृष्ण राव २०१४ देखि वित्त विभागमा कार्यरत छन्। रामकृष्ण रावले वित्त सम्बन्धी निर्णय लिने र केन्द्रबाट कोष माग्ने काममा महत्वपूर्ण भूमिका खेलेका थिए। सरकारले वर्तमान वित्तीय अवस्था र अन्य कारकहरूलाई ध्यानमा राख्दै के. रामकृष्ण रावलाई राज्यको मुख्य सचिवको रूपमा नियुक्त गर्ने आदेश जारी गरेको छ।

****** ० ******

**आईपीएल क्रिकेट**

आइपीएल क्रिकेटमा हिजो राति रोयल च्यालेन्जर्स बैंगलोरले दिल्ली क्यापिटल्सलाई ६ विकेटले पराजित गरेको छ। १६३ रनको लक्ष्यको जवाफमा बेंगलुरुले १८ ओभर र तीन बलमा चार विकेट गुमाएर १६५ रन बनायो। बैंगलोरका लागि क्रुणाल पाण्ड्याले सर्वाधिक अविजित ७३ रन बनाए। उनी खेलको उत्कृष्ट खेलाडी घोषित भए। विराट कोहलीले ५१ रन बनाए। दिल्ली क्यापिटल्सका लागि अक्षर पटेलले दुई विकेट लिए। पहिले ब्याटिङ गर्दै दिल्लीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १६२ रन बनायो। केएल राहुलले सर्वाधिक ४१ रनको योगदान दिए। बैंगलोरका लागि भुवनेश्वर कुमारले तीन विकेट लिए। हिजो भएको अर्को म्याचमा मुम्बई इन्डियन्सले लखनऊ सुपर जायन्ट्सलाई ५४ रनले पराजित गऱ्यो। मुम्बई इन्डियन्सले दिएको २१६ रनको लक्ष्यको जवाफमा लखनउको टोली निर्धारित २० ओभरमा १६१ रनमा अलआउट भयो। आइपीएल क्रिकेटमा आज राजस्थान रोयल्सले गुजरात टाइटन्सको सामना गर्नेछ। म्याच जयपुरको सवाई मानसिंह स्टेडियममा साँझ ७:३० बजेदेखि खेलिनेछ।

****** ० ******